**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०४ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**
१.चार राज्यहरू असमए पश्चिम बङ्गालए केरलाए तमिलनाडु र केन्द्र शासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावको मतगणना आज बिहान आठ बजेबाट सुरु हुँदैछ।

२.विदेशमन्त्री एस. जयशंकरले भारत-जमैका सम्बन्ध निरन्तरता र परिवर्तनले भरिपूर्ण रहेको बताउनु भएको छ ।

३.रक्षामन्त्री राजनाथ सिंहले आज उत्तर प्रदेशको प्रयागराजमा "रक्षा त्रिवेणी संगम" को विषयमा उत्तरी प्रविधि संगोष्ठीको उद्घाटन गर्नुहुनेछ।

४.भारतीय अन्तरिक्ष स्टार्टअप ग्यालेक्सी आईले क्यालिफोर्नियाबाट स्पेसएक्सको फाल्कन ९ रकेटको माध्यमबाट विश्वको पहिलो ओप्टोसार उपग्रह मिशन दृष्टि प्रक्षेपण गरेको छ।

५.मौसम विभागले उत्तर भारतका धेरै भागहरूमा भारी वर्षाए मेघगर्जन र तेज हावा चल्ने भएकोले ओरंज अलर्ट जारी गरेको छ।

६.आईपीएल क्रिकेटमा ए गुजरात टाइटन्सले हिजो राति अहमदाबादको नरेंद्र मोदी स्टेडियममा पंजाब किंग्सलाई चार विकेटले पराजित गरेको छ ।

**<u>मतगणना</u>**
चार राज्यहरू असम, पश्चिम बङ्गाल, केरला, तमिलनाडु र केन्द्र शासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावको मतगणना आज बिहान आठ बजेबाट सुरु हुँदैछ। सबैभन्दा पहिले डाक मतपत्रको गणना हुनेछ । बिहान आठ बजेर तीस मिनट बाट मतगणना सुरु हुनेछ । प्रारम्भिक प्रवृत्ति दिउँसोसम्म पत्तो लाग्ने अपेक्षा गरिएको छ।
निर्वाचन आयोगले पाँचौ राज्यहरुमा सुव्यवस्थित मतगणनाको लागि सुरक्षाको व्यापक प्रबंध गरेको छ । यो मतगणना असम को 126, केरलम को 140, तमिलनाडु को 234 र पुद्दुचेरी को 30 सीटहरुको लागि हुदैछ ।
पश्चिम बंगालमा आज 293 सीटहरुको मतगणना हुनेछ । फाल्टा विधानसभा निर्वाचन क्षेत्रको लागि राज्यमा यस महिनाको 21 तारीख पुन: मतदान हुनेछ र मतगणना 24 मई मा हुनेछ ।

## Byte

**पश्चिम बंगाल विधानसभा चुनाव**
पश्चिम बंगालमा आज 77 केन्द्रहरुमा विधानसभा चुनावको मतगणना हुनेछ । ब्योरा हाम्रो संवाददाताबाट -

**Byte**

**<u>दार्जिलिंग मतगणना कड़ा सुरक्षा</u>**
पश्चिम बंगालमा गोर्खाल्याण्ड प्रादेशिक प्रशासन क्षेत्र अंतर्गत आउने तीन विधानसभा सीटहरुको मतगणनाको लागि सबै व्यवस्था गरिएको छ । कलिम्पोंग विधानसभा क्षेत्रको मतगणना सुमी स्कूल परिसरमा हुनेछ । यसै प्रकार, दार्जिलिंग विधानसभा क्षेत्रको मतगणना दार्जिलिंग सरकारी कॉलेजमा र खर्सांग विधानसभा क्षेत्रको मतगणना सेंट अल्फोंस स्कूल परिसरमा हुनेछ । सी.ए.पी.एफ. र पुलिस कर्मिहरुको तैनाती गरिएको छ । सुचारू र पारदर्शी मतगणना प्रक्रियाको लागि मतगणना

केंद्र भित्र  ड्रोन, मोबाइल फोन र ज्वलनशील वस्तुहरुको उपयोगमाथि  रोक लगाइएको छ।

**राजनाथ सिंह संगोष्ठी**

रक्षामन्त्री राजनाथ सिंहले आज उत्तर प्रदेशको प्रयागराजमा "रक्षा त्रिवेणी संगम" को विषयमा उत्तरी प्रविधि संगोष्ठीको उद्घाटन गर्नुहुनेछ। रक्षा मन्त्रालयले यो संगोष्ठीले परिचालन चुनौतीहरूलाई सम्बोधन गर्न अत्याधुनिक स्वदेशी प्रविधिहरूको प्रदर्शन र एकीकरणको लागि एक महत्त्वपूर्ण प्लेटफर्म प्रदान गर्ने बताउनु भएकोछ। मन्त्रालयले देशभरिका एमएसएमई, निजी रक्षा प्रविधि कम्पनीहरू, स्टार्टअपहरू र सैन्य कर्मचारीहरू सहित विभिन्न सहभागीहरूको सहभागिता हुने बताएको छ।

दुई सय असी भन्दा बढी कम्पनीहरूले आफ्ना नवीनतम आविष्कार र प्रविधिहरू प्रदर्शन गर्न स्टलहरू स्थापना गर्नेछन्। तीन दिने यो कार्यक्रम भारतीय सेनाको उत्तरी कमाण्ड र केन्द्रीय कमाण्ड र भारतको रक्षा उत्पादकहरूको समाजले संयुक्त रूपमा आयोजना गरिरहेको छ।

**अन्तरिक्ष स्टार्टअप ग्यालेक्सी**

भारतीय अन्तरिक्ष स्टार्टअप ग्यालेक्सी आईले क्यालिफोर्नियाबाट स्पेसएक्सको फाल्कन ९ रकेटको माध्यमबाट विश्वको पहिलो ओप्टोसार उपग्रह मिशन दृष्टि प्रक्षेपण गरेको छ। उपराष्ट्रपति सी.पी. राधाकृष्णन अनि प्रधानमन्त्री नरेन्द्र मोदीले गैलेक्सीलाई  बधाई दिनुहुदै  यसलाई भारतको अन्तरिक्ष र आविष्कार यात्रामा महत्वपूर्ण कोसेढुङ्गाको रूपमा वर्णन गर्नुभएको छ।उपराष्ट्रपतिले भन्नु भएको छ  कि मिशन दृष्टि आफ्नो  उन्नत, हरएक  मौसममा  चौबीसै  घण्टा  पृथ्वी अवलोकन क्षमताको साथ भारतको  अंतरिक्ष कार्यक्रममा  एक महत्वपूर्ण कदम हो।प्रधानमंत्रीले भन्नु भयो  कि भारतमा  निर्मित सबिभंदा ठूलो  निजी उपग्रहको  सफल प्रक्षेपण युवाहरुको  नवाचार र राष्ट्र निर्माणमा उनीहरुको  जुनूनको  प्रमाण हो।अंतरिक्ष प्रौद्योगिकी स्टार्टअपबारे हाम्रो  संवाददाताको  एक रिपोर्ट-

**Byte**

**पुन: संशो. उपराष्ट्रपति महोदय - शोक संवेदना**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन अनि  प्रधानमंत्री नरेंद्र मोदीले  दिल्लीको  शाहदरा स्थित विवेक विहार क्षेत्रमा भएको आगलागीमा  गहिरो दुख व्यक्त गर्नु भएको छ। उहाँहरुले मृतकहरुको  परिजनहरुप्रति संवेदना व्यक्त गर्नुहुदै घाइतेहरुको  शीघ्र स्वस्थ लाभको  कामना गर्नुभएको छ। प्रधानमंत्रीले  राष्ट्रीय राहत कोषबाट  प्रत्येक मृतकका  परिजनहरुलाई दुई  लाख रुपियाको  अनुग्रह राशि दिने  घोषणा गर्नुभएको छ। घाइतेहरुलाई  50 हजार रुपिया दिइनेछ।

**अमेरिकी परियोजना स्वतन्त्रता जहाजहरू**

हर्मुजको जलडमरूममा फसेका जहाजहरूलाई सहयोग गर्न अमेरिकाले स्वतन्त्रता परियोजना सुरु गर्नेछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यो परियोजनाले सयौं जहाजहरू र लगभग २०,००० नाविकहरूलाई सहयोग प्रदान गर्ने बताउनु भएको छ। सामाजिक सञ्जालको एक पोस्टमा  वहाँले तटस्थ र असंलग्न देशहरू इरान युद्धबाट प्रभावित भएको र अमेरिकाले यी देशहरूका जहाजहरूलाई प्रतिबन्धित पानीबाट सुरक्षित रूपमा भाग्न सहयोग गर्ने बताउनुभयो। अमेरिकी केन्द्रीय कमाण्डका अनुसार, यस उद्देश्यका लागि मिसाइल विनाशक, १०० भन्दा बढी विमान र १५,००० कर्मचारीहरू तैनाथ गरिनेछ।

**जयशंकर - जमैका**

विदेशमन्त्री एस. जयशंकरले भारत-जमैका सम्बन्ध निरन्तरता र परिवर्तनले भरिपूर्ण रहेको बताउनु भयो। वहाँले भन्नुभएको छ यो सम्बन्ध साझा इतिहासमा आधारित छ र भविष्यको लागि अपार सम्भावना बोकेको छ। जमैकाको एक निजी पत्रिकासँगको अन्तर्वार्तामा डा. जयशंकरले भन्नुभयो दुई देशले बलियो साझेदारी निर्माण गर्न सँगै काम गरिरहनुपर्छ।

डा. जयशंकर जमैका, सुरिनाम र त्रिनिदाद र टोबागोको आफ्नो नौ दिने भ्रमणको पहिलो चरणमा किङ्स्टन पुग्नु भएको थियो। भ्रमणको उद्देश्य क्यारिबियन देशहरूसँग भारतको रणनीतिक र सांस्कृतिक सम्बन्धलाई अझ बलियो बनाउनु रहेको वहाँले थप बताउनु भयो।

**नेपालको विदेश मन्त्रालय, मानसरोवर**

विदेश मन्त्रालयले १९५४ देखि लिपुलेक दर्रा कैलाश मानसरोवर यात्राको प्रमुख मार्ग रहेको र दशकौंदेखि यो तीर्थयात्रा चलिरहेको बताएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले आज कैलाश मानसरोवर यात्राको बारेमा नेपालको विदेश मन्त्रालयको  बारे मिडियालाई जानकारी दिनुभयो कि नेपालको क्षेत्रीय दाबीका बारेमा वहाँले भारतले निरन्तर रूपमा यस्ता दाबीहरू जायज नभएको र ऐतिहासिक तथ्य र प्रमाणमा आधारित नभएको बताउनु भयो । विदेश मन्त्रालयले द्विपक्षीय सम्बन्धका सबै मुद्दाहरूमा नेपालसँग वार्ता गर्न भारत खुला रहेको बताएको छ।

**पश्चिम एसियामा**

पश्चिम एसियामा विकसित भइरहेको अवस्थाको बीचमा, सरकारले भनेको छ कि उसले भारतीय नागरिकहरूलाई ऊर्जा आपूर्ति, समुद्री सञ्चालन र सहायता सुनिश्चित गर्न सबै आवश्यक कदमहरू चालिरहेको छ। यसैबीच, संयुक्त अरब इमिरेट्सले २ मे देखि देशको हवाई क्षेत्रमा सामान्य हवाई यातायात पूर्ण रूपमा पुनर्स्थापना गरेको छ र क्षेत्रीय तनावका कारण लगाइएको सबै अस्थायी सुरक्षा प्रतिबन्धहरू हटाएको छ। भारतीय र युएई एयरलाइन्सले युएईबाट भारतका विभिन्न गन्तव्यहरूमा उडानहरू सञ्चालन गरिरहेका छन्।

**बिहार दुखद घटना**

बिहारको  मुजफ्फरपुर जिल्लाको  रतनपुर गांवको नजिक घटेको  एक सड़क दुर्घटनामा  चार मानिसहरुको मृत्यु भएको छ भने एक गंभीर रूपले घाइते भएका छन् । मुख्यमंत्री सम्राट चौधरीले यस दुर्घटनाप्रति  संवेदना व्यक्त गर्नुहुदै मृतकहरुको परिवारहरुलाई  4 लाख रुपिया  प्रति परिवार अनुग्रह राशि दिने  घोषणा गर्नु भएको छ ।

**मौसम**

मौसम विभागले उत्तर भारतका धेरै भागहरूमा भारी वर्षा, मेघगर्जन र तेज हावा चल्ने भएकोले ओरंज अलर्ट जारी गरेको छ। छत्तीसगढ, झारखण्ड, मध्य प्रदेश, ओडिशा र विदर्भमा पनि मेघगर्जन र असिना पर्ने अनुमान गरिएको छ। विभागले असम, मेघालय, बिहार, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, पश्चिम बंगाल र सिक्किममा भारी वर्षा र मेघगर्जनको पूर्वानुमान गरेको छ। यसैबीच, छत्तीसगढ, तटीय आन्ध्र प्रदेश, पूर्वी र पश्चिमी राजस्थान र गङ्गा पश्चिम बंगालमा पनि मेघगर्जन र तेज हावा चल्ने अनुमान गरिएको छ।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा , गुजरात टाइटन्सले हिजो राति  अहमदाबादको  नरेंद्र मोदी स्टेडियममा  पंजाब किंग्सलाई  चार विकेटले पराजित गरेको छ । पंजाब किंग्सले पहिलो ब्यािटंग गर्दै निर्धारित 20 ओवरमा  9 विकेटमा  163 रन बनाए। जवाफमा गुजरात टाइटन्सले  एक बल बाकि छदा आफ्नो लक्ष्य हासिल गरे ।

मुंबईको  वानखेड़े स्टेडियममा  आज मुंबई इंडियंस र लखनऊ सुपर जायंट्स को भिडन्त हुनेछ । मैच साँझ सात बजेर तीस मिनटदेखि शुरु हुनेछ।